"कृषि र पर्यटनमा आधारित समृद्ध मोलुङ"

# मोलुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्राप्चा, ओखलढुंगा

कोशी, प्रदेश, नेपाल

प.सं.: २०८१/०८२
च.नं.: २१

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना।

(प्रथमपटक प्रकाशित मिति : २०८१/०७/१२)

प्रस्तुत विषयमा मोलुङ गाउँपालिकामा आवश्यक तपसिल बमोजिमको पद, तह र संख्यामा खुल्ला प्रतिशपर्धाबाट सेवा करारमा पदपूर्तिका लागि योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले पदपूर्ति सम्बन्धी सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र माग बमोजिमका विवरण सहित यस कार्यालयमा दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल:**

| क्र.स. | विज्ञापन नं. | पद | तह | माग संख्या | आवेदन दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | ०५-२०८१/०८२ | स्थानीय इन्जिनीयर/सिभिल | छैटौं | १ | १०००/- |
| २ | ०६-२०८१/०८२ | स्थानीय सव-इन्जिनीयर | पाँचौं | १ | ५००/- |
| ३ | ०७-२०८१/०८२ | अ.न.मी. | चौथो | २ | ४००/- |

१. **आवश्यक न्युनतम शैक्षिक योग्यता र अनुभव :**

- विज्ञापन नं. ०५-२०८१/०८२ को लागि नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनीयरिङ विषयमा स्नातक तह (बी.ई.) वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनीयरिङ परिषदमा दर्ता भएको हुनुपर्ने छ।
- विज्ञापन नं. ०६-२०८१/०८२ को लागि नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनीयरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण भएको हुनुपर्ने छ।
- विज्ञापन नं. ०७-२०८१/०८२ को लागि नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. उत्तीर्ण गरी नर्सिङ काउन्सीलमा दर्ता भएको हुनुपर्ने छ।

२. **दरखास्त दिने अन्तिम मितिमा** विज्ञापन नं. ०५-२०८१/०८२ को हकमा २१ वर्ष पूरा गरी ३५ वर्ष ननाघेको तथा विज्ञापन नं. ०६-२०८१/०८२ र ०७-२०८१/०८२ को हकमा १८ वर्ष पूरा गरी ३५ वर्ष ननाघेको हुनु पर्नेछ।

३. **दरखास्त दिने स्थान :** मोलुङ गाउँ कार्यपालिकाको कार्यालय प्राप्चा, ओखलढुंगामा पेश गर्नु पर्नेछ।

४. **दरखास्त दिने अन्तिम मिति :** २०८१/०७/२६ गते, अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन कार्यालय समयभित्र।

५. **आवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु :**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- न्युनतम शैक्षिक योग्यताको लब्धाङ्क पत्र, प्रमाणपत्र तथा चारित्रिक प्रमाणपत्रको प्रतिलिपि (माथिल्लो शैक्षिक योग्यता भए सो समेत),
- कामसँग सम्बन्धित अनुभव भए सोको प्रमाणपत्रको प्रतिलिपि,
- लक्ष्मी सनराइज बैंक मार्फत तोकिएको राजश्व जम्मा गरेको भौचर (खाता नं. ०८८०५१५१४७७०३००८ मोलुङ गाउँपालिका ग १ – १ आन्तरिक राजश्व खाता)

६. **छनोटको किसिम :** योग्यताक्रमको सूची प्रकाशन, लिखित तथा मौखिक परीक्षा हुने छ।

७. **सेवा सुविधा तथा अन्य :** करार सम्झौतामा उल्लेख भए बमोजिम हुने छ।

८. **परीक्षा मिति :** अर्को सूचनामा प्रकाशन गरिने छ।

९. **पाठ्यक्रम :** प्रदेश लोकसेवा आयोग, कोशी प्रदेश विराटनगरको स्थानीय सरकारी सेवा अन्तर्गत इन्जिनीयरिङ सेवा तथा स्वास्थ्य सेवा सम्बन्धी पाठ्यक्रमबाट प्रथम पत्रको पाठ्यक्रम अनुसार हुने छ।

१०. आवेदनको ढाँचा तथा पदपूर्ति सम्बन्धी अन्य जानकारी गाउँपालिकाको वेवसाइट www.molungmun.gov.np बाट प्राप्त गर्न सकिने छ।

..............................
प्रमुख प्रशासकीय अधिकृत

ओशो कर्ण
प्रमुख प्रशासकीय अधिकृत